जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक ३६२ • २०८२ कार्तिक ३ गते सोमवार • 20 Oct. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-




## तिहारमा केरा फलमात्र नभएर केराका थामहरू नै बिक्री हुने भएपछि यो खेतीमा किसानलाई अतिरिक्त आर्जनको अवसर बन्दै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ कार्तिक**

मधेसको महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रका पर्व कृषिमैत्री छन् । यहाँका धार्मिक, पारम्परिक र सांस्कृतिक पर्वका विधिमै कृषि उपजको महत्व जोडिएको छ । यहाँका पर्वमध्ये तिहार र छठमा त झन् थरिथरिका कृषि उपज पूजा सामग्रीमा प्रयोग हुन्छन् । यीमध्ये तिहारमा केरा फलमात्र नभएर कोथाहरू नै बिक्री हुने भएपछि यो खेतीका किसानलाई अतिरिक्त आर्जनको अवसर बन्दै आएको छ ।



तिहार र छठ दुवै पर्वमा केरा फल अनिवार्य चढाइने सामग्रीमा पर्छ । खासगरी छठमा त केराका घरी नै सूर्यदेवलाई अर्घ्य (अर्घ) दिँदा देखाइने चलनले पर्वभरि यसको माग निकै हुन्छ । तिहारमा लक्ष्मीपूजाका दिन त व्यापारिक प्रतिष्ठानले लक्ष्मी प्रवेशद्वार बनाउन केराका थामको प्रयोग गर्छन् । यो चलनले जिल्लाका मुख्य बजारमा केराका थामको बजार जम्दै आएको विगत छ । कतिपय ब्यापारीले केही दिन पहिले नै थामबापतको अग्रिम रकम दिएपछि यो नगदले आफ्नो पर्वका सामग्री खरिदमा सहयोग पुगेको केराखेतीका किसान बताउँछन् । "मैले त थामबापत बैना रकम नै पाँच हजार लिइसकेको छु", भङ्गाहा-४ थारूटोल बनराका किसान रामधारीसिंह थारू भन्नुहुन्छ । तिहारको यो अवसर आफूहरूका लागि खनेर फालिने कोथाबाट रकम प्राप्त हुनेहुँदा यो बेला पर्खाइमा रहने गरेको उहाँले बताउनुभयो । केराखेती गर्दा एक भ्याङ्मा तीनवटाभन्दा बढी कोथा बढ्न दिन नहुने किसानको अनुभव छ । "एक भ्याङमा तीनभन्दा बढी कोथा भए घरी राम्रो लाग्दैन, कोसा राम्रा हुँदैनन", अर्का किसान रामसुनरदेवी राय भन्नुहुन्छ, "यो त बढी भएका कोथा हामीले मजदुर लगाएर उखालेर फाल्नुपर्थ्यो, तर यो बेला कोथा बिक्री हुने भएर यो अवसर हाम्रो पर्खाइमा पर्छ ।"

पर्वको यो अवसरले उखाल्न लाग्ने खर्चको बचतसँगै कोथा बिक्रीबाट प्राप्त हुने रकम पुरस्कारजस्तै हुने गरेको राय बताउनुहुन्छ । यसै मौकामा केराको गोडमेल हुने गरेको किसानको भनाइ छ । यसैले यी पर्वलाई किसान केराको अमृत बेला भन्ने गर्छन् । पर्वका बेला केराका घरीले राम्रो दाम पाउने र उखालेर फाल्नुपर्ने कोथासमेत बिक्री हुनुले यो खास अवसर रहँदै आएको किसानको भनाइ छ । वर्षभरिमा एउटा केराका भ्याङमा पाँचसातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसान बताउँछन् । यसबेला स्वागतद्वारका लागि व्यापारीले लग्ने कोथा जोडीको रु तीन सयसम्म पाइने गरेको किसानको भनाइ छ । आफूले कोथा बेचेर नै तिहारमा पछिल्ला तीन वर्षयता सालाखाला रु १० हजार पाएको भङ्गाहा-६ सग्रामपुरका सुवालाल राय यादव बताउनुहुन्छ ।

केराका थामको बजार लक्ष्मीपूजाको एक दिनअघिदेखि नै जम्ने गरेको छ । थामको स्वागतद्वार बनाउने चलन सहरबजार क्षेत्रमा भएको हुँदा जिल्लाका जलेश्वर, गौशाला, बर्दिबास, मटिहानी, रामगोपालपुर, मनरा र पिपरासहितका बजार क्षेत्रमा ठूलै मेला जम्छ ।

मिथिला क्षेत्रमा तिहार र छठका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ । केराका थामको स्वागतद्वारबाट लक्ष्मी गृह प्रवेश गर्ने विश्वासले यसको महत्व बढेको मिथिला संस्कृतिका जानकार बताउँछन् । वैदिककालदेखिकै यो परम्परा मिथिला लोकसंस्कृतिको अङ्ग बन्दै आएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णव बताउनुहुन्छ ।

## सीमावर्ती भारतीय बजारको प्रभावले यस वर्ष धनतेरसमा अपेक्षाकृत कम व्यापार, व्यापारी चिन्तित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ कार्तिक**

यस वर्षको धनतेरसमा महोत्तरीको जलेश्वर बजारमा व्यापार अपेक्षाकृत मन्द देखिएको छ । स्थानीय व्यापारीहरूले सीमावर्ती भारतीय बजारहरूको प्रभावले गर्दा बिक्रीमा उल्लेख्य गिरावट आएको गुनासो गरेका छन् ।



"गत वर्षको तुलनामा करिब ३०-४० प्रतिशतसम्म बिक्री घटेको अनुमान छ," स्थानीय व्यापारी भोला साहले बताए। उनका अनुसार यो वर्ष ग्राहकहरू धेरैजसो सामानको मूल्य सोध्न आउने गरे तापनि वास्तविक खरिदमा खासै उत्साह देखिएन ।

व्यापारीहरूका अनुसार भिट्ठामोड र मधवापुरजस्ता सीमावर्ती भारतीय बजारमा समान सामान सस्तो मूल्यमा उपलब्ध हुने भएकाले नेपाली ग्राहकहरू त्यता सर्न थालेका छन्। त्यो पनि खुला सीमा र बिना झन्झटको आवतजावतले गर्दा सहज भएको छ ।

"भारतीय बजारमा सामान सस्तो मात्रै होइन, छुट र विविधता पनि बढी हुन्छ," अर्का व्यापारी फूल बाबुले भने। "हामीकहाँ त्यति सुविधा दिन सकिँदैन, जसले गर्दा प्रतिस्पर्धा गर्न गाह्रो भइरहेको छ ।"

व्यापारीहरूले चिन्ता व्यक्त गर्दै भनेका छन् कि यदि यस्तो स्थिति यथावत् रह्यो भने स्थानीय बजार थप संकटमा पर्न सक्नेछ। यद्यपि केहीले दीपावलीको मुख्य दिनसम्म बिक्रीमा केही सुधार हुने आशा पनि व्यक्त गरेका छन् ।

## दीपावलीको अवसरमा देशभर धनकी देवी माता लक्ष्मीको पुजाआजा गरिदै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ कार्तिक**

गाई तिहार तथा लक्ष्मीपुजा अर्थात दीपावलीको अवसरमा आज देशभर धनकी देवी माता लक्ष्मीको प्रत्येक हिन्दु धर्माबलम्बीहरुको घर –घरमा विशेष पुजाआजा गरिदै छ ।

यस अवसरमा पुरानो मान्यता अनुसार घर तथा वरिपरी सर सफाई गरी माता लक्ष्मीको स्वागतको लागि पुरा परिवार विशेष पुजाआजा गर्ने गर्दछन् ।




दीपावली असत्यमाथि सत्यको विजयको रुपमा समेत मनाइने गरिन्छ । त्रेता युगमा मर्यादा पुरुषोत्तम भगवान रामले रावणलाई मारेपछि अयोध्याबासीले भगवान रामको जीतलाई दीप बालि स्वागत गरेको दिनदेखि यो पर्व मनाइदै आएको किंम्बदन्ती छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,
- पर्याप्त संख्या र नियमित रुपमा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रा नचढौं/नचढाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादक/लागू पदार्थ सेवन गरी सवारीसधान नचलाऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

# तिहार अर्थात यमपञ्चकको महत्व

शरद् ऋतुले घरघरमा अन्नसँगै धार्मिक उत्सव भित्र्याउँछ । यसै ऋतुमा नेपालीहरूको महान् पर्व दसैं मनाइन्छ । दसैं सकिए लगत्तै तिहारको रौनक देशभरि छाउँछ । तिहार कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइने उत्सव हो ।

पाँच दिनसम्म मनाइने यस पर्वलाई यमपञ्चक पनि भनिन्छ । हिन्दु धर्मअनुसार यमराजले आफ्नी बहिनी यमुनासँग बिताएको समयको सम्झना गर्दै यो पर्व मनाइन्छ । यो पर्वले दिदीबहिनी र दाजुभाइबिचको सम्बन्धलाई प्रगाढ बनाउँछ । हरेक वर्ष मनाइने पर्व तिहारले मनुष्य, पशु र प्रकृतिबिचको प्रेम, सम्मान र सम्बन्धको महत्व बुझाउँछ ।

तिहारको आरम्भ काग तिहारबाट हुन्छ । कागलाई सन्देशवाहक र शुभ वा अशुभ समाचारको प्रतीकको रूपमा लिइन्छ । यमदूतका रूपमा पुजिने कागलाई काग तिहारका दिन बिहानै घरबाहिर दुबो, तेल र खानेकुरा राखेर पूजा गरिन्छ । कागतिहारको दिन कागलाई पूजा गरे कागले यमराजलाई राम्रो खबर लगिदिन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । दोस्रो दिन कुकुर तिहार मनाइन्छ । यमराजको द्वारपाल भनेर सम्बोधन गरिने कुकुरलाई माला, टीका र मिठा परिकार अर्पण गरेर पूजा गरिन्छ । प्राकृतिक विपत्तिको पूर्वसूचना दिने, कुनै अनिष्ट हुन लाग्दा सूचित गराउने कुकुरलाई निष्ठावान् र आज्ञापालकका रूपमा लिइन्छ । तेस्रो दिन गाईतिहार हो । गाईलाई लक्ष्मीको रूप मानिन्छ । मिष्टान्नसहित विशेष रूपमा गाईको पूजा गरिन्छ । सम्पत्ति र समृद्धिको प्रतीक मानिने गाईको गहुँत, गोबर, दुध, दही र घ्युलाई पवित्र मानिन्छ । हिन्दुहरूले मनाउने हरेक धार्मिक कार्यमा उक्त कुराहरू आवश्यक पर्छ । गाईतिहारकै दिन लक्ष्मीपूजा गरिन्छ । साँझमा घरका प्रत्येक कुनामा दियो बालिन्छ । लक्ष्मी प्रवेश गर्न सकुन् भनेर घर, आँगन सफा बनाइन्छ । सोही दिनबाट देउसी र भैलो पनि खेल्न सुरु गरिन्छ । चौथो दिन गोवर्धनपूजा वा म्हः पूजा गरिन्छ । यस दिन गोवर्धन पर्वतको पूजा गरेर प्रकृतिलाई कृतज्ञता प्रकट गरिन्छ । अन्तिम दिन भाइटिका हो । यो दिन दिदीबहिनीले दाजुभाइको दीर्घायु र सुखको कामना गर्दै शिरमा तेल हालेर सप्तरङ्गी टीका लगाइदिन्छन् ।

# चाडपर्वको बेला पनि किसानहरु धान काट्न र भित्र्याउनमा व्यस्त

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २ कार्तिक**



चाडपर्वको बेला पनि सप्तरीको किसान धान काट्न र भित्र्याउन व्यस्त भएका छन् । छरेको ९० दिन र रोपेको ६० दिनमा तयार भएको धान भित्र्याउन किसान व्यस्त भएका हुन् । खेतमा लगाइने विभिन्न जातका धानमध्ये सबैभन्दा पहिले उत्पादन हुने जिरा मंसुरी (कतरनी) धान र साइठी अर्थात् ६० दिनमा नै उत्पादन भएको धान दसैं सकिएलगत्तै किसानहरू काट्न र भित्र्याउन व्यस्त भएका हुन् ।

मंसुली, सोना, सोना मंसुली, सुखा तिल, राधा १२, अगहनी लगायतका धानहरू विस्तारै तयार हुँदै जाने र काट्दै जाने तिरहुत गाउँपालिका ४ मा धान काट्दै गर्नुभएको ६० वर्षीया झवरी रामले बताउनुभयो । उहाँले भन्नुभयो, "जिरा मंसुरी धान रोपेका किसानहरूले धमाधम धान भित्र्याउन थालेका हुन । अहिले भित्र्याउन भने खेतमै झरेर मासिने भएकोले चाँडपर्वसँगै धानलाई प्राथमिकतामा राखेर काट्न र भित्र्याउन व्यस्त भएका हौं ।"

जिल्ला कृषि ज्ञान केन्द्र सप्तरीका कार्यालय प्रमुख किशुन देव राउतले साठी दिनमा तयार भएको धान जिल्लामा दसैंलगत्तै धमाधम कटान भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कतरनी धान छिटो उत्पादन हुने धान हो । यसको भात मिठो हुन्छ । यो धान प्रति कट्ठाको साँढे तीन मनदेखि ५ मनसम्म उत्पादन हुँदै आएकाले यो जिल्लामा बढी उत्पादन भएकाले चाँडपर्वसँगै धान काट्ने कामलाई किसानले निरन्तरता दिएका हुन् ।" कृषक मजदुर महिलाहरूको ज्यालामा शोषणः सप्तरीमा कृषि क्षेत्रमा काम गर्ने महिला मजदुरलाई न्यून पारिश्रमिक दिएर श्रम शोषण गरिरहँदा जिल्लाको तिरहुँत गाउँपालिकाका मजदुर महिलाहरू आर्थिक रूपमा थप शोषणमा परेको स्थानीय मजदुर महिलाहरूले बताए । तिरहुँत गाउँपालिकाको महिला मजदुरहरूले दिनभरि धान काटे बापत दिनको चार सय रूपियाँ पाउँदै आएको सोही ठाउँमा धान काट्दै गर्नुभएको ५० वर्षीया सरिता रामले बताउनुभयो । उहाँले भन्नुभयो, "दिनभरमा एक कट्ठा धान काट्नै पर्ने बाध्यता हुन्छ ज्याला भने चार सय मात्र पाइन्छ ।"


# स्लो बाइक रेस प्रतियोगितालाई निरन्तरता




**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २ कार्तिक**

बर्दिवास युथ क्लवले हरेक बर्ष गर्दै आएको स्लो बाइक रेस प्रतियोगितालाई यसपाली पनि निरन्तरता दिएको छ । बिस्तारै हाक्नुस, लामो समय जिउनुस भन्ने मुल नाराका साथ कात्तिक ४ गते क्लवले छैठौ प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा प्रथम, द्वितीय र तेश्रो हुने प्रतियोगीलाई क्रमशः २२ हजार २ सय ५०, ११ हजार १ सय ५० र ५ हजार ५ सय ५५ रुपैयाँ पुरुस्कार रहेको कलवका अध्यक्ष सुरज खडकाले जानकारी दिए ।

लक्ष्मीपुजाको भोली पल्ट ९ बजेबाट सुरु हुने प्रतियोगितामा झन्डै १५० प्रतियोगी सहभागी हुने आयोजक पक्षले लक्ष्य लिएको छ । कार्यक्रमको खर्चको व्यवस्थापन भने नगरपालिकाले नै गरेको क्लवले जनाएको छ । तृतीय पुरुस्कारमा मात्र सनसाईन बोर्डिङ्ग स्कुल गौरिडाडाले प्रायोजन गरेको आयोजक पक्षले जानकारी दिएको छ ।




अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने

वृषः विचार गरेर बोल्नुहोला

मिथूनः पिछडेको साथी मिल्ने

कर्कटः मनमा पछुतो आउने

सिंहः शुभ कार्यको शुरुवात

कन्याः अनावश्यक चिन्ता

तुलाः खानपानमा समस्या आउने

वृश्चिकः मित्रतामा फाटो आउने

धनुः अनावश्यक खर्चको संभावना

मकरः लामो यात्राको योग छ

कूम्भः अशुभ समाचार प्राप्त हुने

मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं, मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा, पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४, धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# तनाव कम गर्न अफगानिस्तान र पाकिस्तानबीच दोहामा वार्ता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ कार्तिक



अफगानिस्तान र पाकिस्तानका वरिष्ठ सरकारी अधिकारी आफ्नो साझा सीमामा बढ्दो तनाव कम गर्ने उद्देश्यले कतारको दोहामा वार्ताका लागि पुगेका छन्।

पाकिस्तानको सरकारी टेलिभिजनका अनुसार रक्षामन्त्री ख्वाजा आसिफको नेतृत्वमा पाकिस्तानी प्रतिनिधि मण्डल शनिबार दोहा पुगेको हो। यस्तै, अफगान अधिकारीले पनि रक्षामन्त्री मुल्ला मोहम्मद याकूबको नेतृत्वमा उच्चस्तरीय टोली कतार प्रस्थान गरेको पुष्टि गरेका छन्। यो वार्ता पछिल्ला हप्ता-दिनयता अफगानिस्तान-पाकिस्तान सीमाक्षेत्रमा भएका सानातिना सशस्त्र झडपका बीच भइरहेको हो। यी झडपहरूले दुबै देशबीच पुनः तनाव बढ्ने चिन्ता उत्पन्न गरेका छन्। यसअघि दुबै पक्षले बुधबारदेखि लागू हुने गरी ४८ घण्टे अस्थायी युद्धविराममा सहमति जनाएका थिए। तर सो युद्धविराम सहमति शुक्रबार सकिएको छ। दोहामा हुने वार्ताको उद्देश्य सो युद्धविरामलाई दीर्घकालीन शान्ति व्यवस्थामा रूपान्तरण गर्ने तयारीको रूपमा हेरिएको छ।

# फिल्म 'कस्तुरी' मा जोडी बाँध्दै निखिल र वर्षा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २ कार्तिक



निखिल उप्रेती र वर्षा शिवाकोटीको मुख्य भूमिका रहने फिल्म 'कस्तुरी' निर्माण हुने भएको छ। आइतबार निर्माण टिमले फिल्म निर्माणको औपचारिक घोषणा गरेको हो। कर्पोरेट क्षेत्रमा टेन प्लास्ट इन्डस्ट्रिज प्रालिमार्फत विभिन्न उद्योग-व्यवसाय सञ्चालन गर्दै आएका धिरज अग्रवालले टेन इन्टरटेनमेन्ट प्रालिको ब्यानरबाट 'कस्तुरी' निर्माण गर्न लागेका हुन्।

फिल्मको ऋत बोहोराले निर्देशन गर्दैछन्। बोहोराकै कथा रहेको फिल्म सस्पेन्स थ्रिलर विधामा निर्माण हुन लागेको हो। निर्देशक बोहोराले फिल्ममा रहस्य, डर र उत्सुकता मिसिएको कथा प्रस्तुत गरिनेछ। फिल्मले मनोवैज्ञानिक तनाव, हत्या, अपहरण र षड्यन्त्रजस्ता विषय समेत समेट्ने बोहोराको भनाई छ। यो फिल्म मार्फत निखिल र वर्षाले पहिलोपटक पर्दा सेयर गर्न लागेका हुन्।

निशा अधिकारी, ब्रजेश खनाल, शेखर चापागाईं र निर्मल शर्माले पनि अभिनय गर्नेछन् भने अन्य कलाकार र प्राविधिक टोलीको छनोट जारी छ। फिल्मको लेखन ब्रजेश खनालले गरेका हुन् भने निर्माता धिरजकुमार अग्रवाल हुन्। सहनिर्मातामा अञ्जली चौधरी रहेकी छन्। फिल्मको छायाङ्कन आलोक शुक्लाले गर्नेछन्। फिल्ममा संगीत प्रशान्त शिवाकोटीको रहनेछ। मंसिरदेखि छायाङ्कन हुने फिल्म काठमाडौं र आसपासका क्षेत्रमा खिचिनेछ।

# बलवा स्थित धमौरा बर्थिङ्ग स्वास्थ्य चौकीमा सामग्री हस्तान्तरण

आरजे इर्शाद शेख
धमौरा, २ कार्तिक



मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण परियोजनाअन्तर्गत बलवा नगरपालिका-११ स्थित धमौरा (रौजा) बर्थिङ्ग स्वास्थ्य चौकीमा आवश्यक बर्थिङ्ग सामग्रीहरू औपचारिक रूपमा हस्तान्तरण गरिएको छ।

One Heart Worldwide को आर्थिक सहयोग तथा रतौली युवा क्लबको प्राविधिक सहकार्यमा सञ्चालित यस परियोजनाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने गर्भवती महिलाहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउने उद्देश्य राखेको छ। यसैअनुसार, महिलाहरूले सुरक्षित गर्भजाँच, सुत्केरी सेवा तथा नवजात शिशु स्वास्थ्य सेवा समुदाय स्तरमै प्राप्त गर्न सक्ने वातावरण सिर्जना गर्ने लक्ष्य लिएको छ। एक औपचारिक समारोहका बीच रतौली युवा क्लबका अध्यक्ष मोहम्मद साकिर खानले स्वास्थ्य संस्था व्यवस्थापन समिति र वडा नं. ११ का अध्यक्ष अशोक कुमार यादवलाई बर्थिङ्ग सामग्री हस्तान्तरण गर्नुभयो। कार्यक्रममा बलवा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामकुमार माझी, स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरू, स्वास्थ्यकर्मी, स्थानीय समाजसेवी, स्वास्थ्य संस्था स्थापना जग्गादाता प्रतिनिधि र रतौली युवा क्लबका कर्मचारीहरूको उपस्थिति रहेको थियो। उक्त अवसरमा परियोजनाका संयोजक राजकुमार महतोले हस्तान्तरण गरिएका सामग्रीहरूको प्रयोगविधि, प्रभावकारिता र यसले समुदायमा पार्ने सकारात्मक प्रभावबारे जानकारी दिनुभयो। क्लबका अध्यक्ष खानले सामग्रीको उचित व्यवस्थापनमार्फत समुदायका महिलाहरूलाई समयमा नै गुणस्तरीय सेवा उपलब्ध गराउन टेवा पुग्ने बताउनुभयो। वडा अध्यक्ष यादवले One Heart Worldwide र रतौली युवा क्लबबाट प्राप्त सहयोगको सराहना गर्दै भविष्यमै पनि यस्ता सहकार्यलाई निरन्तरता दिन अपेक्षा व्यक्त गर्नुभयो। बर्थिङ्ग सामग्रीको उपलब्धतासँगै स्वास्थ्य संस्थाले अझ प्रभावकारी र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने विश्वास लिइएको छ। यसले सुरक्षित मातृत्व सुनिश्चित गर्नुका साथै मातृ तथा नवजात मृत्युदर घटाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# बटेश्वरमा पालिका स्तरीय दोस्रो खुल्ला क्रिकेट प्रतियोगिता प्रारम्भ

जलेश्वरटुडे समाचारदाता
धनुषा, २ कार्तिक



फुलगेन मगही, जनकपुरधाम -धनुषाको बटेश्वर गाउँपालिका - ३ मा प्रगतिशील युवा क्लवद्वारा पालिका स्तरीय दोस्रो खुल्ला क्रिकेट प्रतियोगिता प्रारम्भ भएको छ।

स्थानीय जनशक्ति माविको खेल मैदानमा शनिबार क्लबका अध्यक्ष मुकेश कहतोको अध्यक्षता तथा बटेश्वर गाउँपालिकाका उपाअध्यक्ष फुलकुमारी सिंहको प्रमुख आतिथ्यमा प्रतियोगिताको उदघाटन गरिएको छ। प्रतियोगितामा जम्मा-१५ वटा टीम सहभागि भएको समाजसेवी भोगीलाल महतोले जानकारी दिए। खेल २ सिफ्ट गरी ११ गते सम्म हुने क्लवका सदस्य भोला साहले जानकारी दिए। विशिष्ट अतिथि वडा नम्बर - ३ का वडाअध्यक्ष राममणि कुशवाहाले उदघाटनमा सम्बोधन गर्दै युवाहरुलाई हौसला बढाउन र लागुऔषध दुर्व्यसनीबाट जोगाउनको लागि यस्ता कार्यक्रमले टेवा पुग्ने विश्व व्यक्त गरे। उद्घाटन समारोहमा वडा नम्बर - ५ का वडा अध्यक्ष शिव करण यादव , निजामती क्षेत्रका राम जिवन महतो, अमरदीप महतो , युवा नेता अजय राउत लगायत खेलप्रेमीहरुको उपस्थिति रहेको थियो। पहिलो १६ ओभरको खेलका लागि सुरुमा टस उचाल्दै बर्दिबास नगरपालिका वडा नम्बर - ७ का टीमले टस जित्दै, प्रगतिशील युवा क्लव बीच प्रतिस्पर्धा भएको छ ।



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# भ्रष्टाचार छानबिन गर्न शक्तिशाली आयोग



-संघीय संसद्मा ४ पटकभन्दा बढी एउटै व्यक्तिलाई टिकट नदिने, एउटै व्यक्ति बढीमा तीन पटकभन्दा बढी मन्त्री हुन नपाउने, २ पटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने, एक पटकभन्दा बढी राष्ट्रप्रमुख हुन नपाउने प्रबन्ध मिलाऔं।


मुलुकमा सम्पन्न हरेक लोकतान्त्रिक आन्दोलन तथा जटिल घडीमा कांग्रेसको नेतृत्वदायी भूमिका रहँदै आएको छ। कांग्रेसले हरेक लोकतान्त्रिक आन्दोलनका माध्यमबाट राज्यको रूपान्तरणमा समेत निर्णयक भूमिका खेल्दै आएको छ। गत भदौ २३ र २४ गते देशमा सम्पन्न जेन-जी विद्रोहलाई हामीले शंकाको दृष्टिले नहेरी यसमा उठेका मुद्दालाई आत्मसात् गर्दै पार्टीसँगै देशको रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्नु अपरिहार्य छ। विद्रोहबाट पाठ सिक्दै नेपाली कांग्रेसले आफूलाई सच्याउने मात्र होइन, आमूल रूपान्तरण गर्दै अगाडि बढ्नुपर्छ। हाम्रा कमजोरी भएकाले नै जनता र नयाँ पुस्ताले विद्रोह गरेका हुन्। त्यसैले हामी सच्चिनु आवश्यक छ भन्ने प्रस्ट दृष्टिकोण कांग्रेसले बनाउनुपर्छ। युवा विद्रोहलाई षड्यन्त्रका रूपमा मात्र बुझियो भने गम्भीर भूल हुनेछ। नेपाली कांग्रेसले जनताको विद्रोहलाई स्वाभाविक रूपमा ग्रहण गर्नुपर्दछ। जनता नै सार्वभौमसत्ता सम्पन्न हुन्छन् भन्ने तथ्य हामीले भुल्नु हुँदैन। शासन सत्ता जनताको चाहनाबमोजिम निर्माण र विनिर्माण हुन्छ भन्ने बुझ्नुपर्दछ। यो अवस्थालाई हामीले उचित सम्बोधन गर्न सकेनौं भने नेपाल भूराजनीतिक द्वन्द्वको केन्द्र बन्ने खतरा पनि उत्तिकै छ। युवा विद्रोहपछिको नेपालः गणतन्त्र प्राप्तिपछि पनि जनतामा आशा जगाउन नसक्नु, राज्यसत्ता र यसको कार्यशैलीप्रति चुलिँदो असन्तुष्टि, व्याप्त भ्रष्टाचार, सेवा प्रवाहमा रहेको ढिलासुस्ती, समाजमा विस्तार भएको नकारात्मकता, पुराना दलहरूमा विकास भएको नियन्त्रणमुखी केन्द्रीयता, सीमित लोकतन्त्र, नयाँ दलहरूमा देखिएको लोकरिझ्याइँको प्रतिस्पर्धा तथा अपरिपक्वता, जनताको तीव्र विकासको चाहना, छिमेकको तीव्र उन्नति, विभिन्न मुलुकमा भएका पछिल्ला विद्रोह आदिले सिर्जना गरेको विस्फोटउन्मुख परिवेश छँदै थियो। त्यसमा अहिले विश्वव्यापी जीवनशैलीको पर्याय बनिसकेको सामाजिक सञ्जालमाथिको प्रतिबन्धले आगो सल्काउने काम गर्‍यो। जसका विरुद्धमा म तत्कालीन मन्त्रीको रूपमा रहँदा मन्त्रिपरिषद्मा निरन्तर संघर्ष गर्दै आएको थिएँ। दलहरूप्रति 'सच्चिने कि सक्किने' भन्ने प्रश्न वर्षौंदेखि उठेको थियो तर त्यसलाई उचित महत्त्वका साथ हेरिएको थिएन। जसको परिणाम विद्रोह निम्तियो।

२३ गतेको दमन र हिंसा तथा २४ गतेको वितण्डा एवं विध्वंस दुवै अत्यन्त दर्दनाक थिए। ती दुई दिनमा जे नहुनुपर्ने थियो, त्यो भयो। जे हुनुपर्ने थियो भनेर जनताले सोचेका थिए, त्यो भएन। यी दुवै दिनलाई सम्झेर अब कहिल्यै त्यस्ता दुर्दिन आउन नदिने प्रण गर्नु प्रत्येक सचेत र राष्ट्रभक्त नेपालीको कर्तव्य हो। दुवै दिनका घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउनुपर्दछ। भ्रष्टाचारले हामीले दशकौं संघर्ष गरेर स्थापित गरेको लोकतान्त्रिक प्रणाली नै ध्वस्त हुने जोखिम बढेको छ। भ्रष्टाचार अन्त्य गर्न मद्दत पुग्ने गरी निम्न कदम चालिनु आवश्यक छ। (क) कानुन नै बनाएर भ्रष्टाचार छानबिनका लागि एक शक्तिशाली आयोग गठन गरी २०४६ को राजनीतिक परिवर्तन पश्चात्का उच्च पदस्थ अधिकारी र दलका मुख्य नेताहरूको सम्पत्ति छानबिन गरौं। (ख) सार्वजनिक पदमा बसेको व्यक्तिले पदमा बस्दा र त्यसपछिका १० वर्षसम्म प्रत्येक वर्ष उसले आफ्नो सम्पत्तिको आधिकारिक विवरण राज्यलाई नियमित रूपमा बुझाउनुपर्ने व्यवस्था गरौं। (ग) पार्टीका नेता तथा कार्यकर्तालाई अभियोग लागेमा अभियोग नटुंगिँदासम्म वा सफाइ नपाउँदासम्म निजलाई पार्टीको जिम्मेवारीबाट राजीनामा दिन लगाउने वा निलम्बन गर्ने परिपाटी विकास गरौं।

त्यस्तै, युवा पुस्ता तथा आम नागरिकमा अहिले हाम्रो राज्यप्रणाली महँगो र बोझिलो भएकोप्रति असन्तोष छ। संघीय संरचना र खासगरी सरकार तथा संसद्को पुनःसंरचना गरेर सानो बनाउनु अपरिहार्य छ। विद्यमान संघीय संसद्को संख्या घटाएर २०१ मा झारेर प्रत्यक्ष निर्वाचनका माध्यमबाट समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रबन्ध मिलाऔं। मन्त्रिपरिषद्को आकार १५ भन्दा बढी नहुने व्यवस्था गरौं। राष्ट्रिय सभालाई ३० सदस्यीय बनाऔं। त्यस्तै, प्रदेशसभा सदस्यको संख्यालाई प्रत्यक्ष निर्वाचित सदस्य संख्यामा झारौं र प्रदेशमा बढीमा ५ जनाको मन्त्रिपरिषद् रहने व्यवस्था मिलाऔं। स्थानीय तह पनि ४ सय वटा कायम गरौं। ५० प्रतिशत महिला प्रमुख बन्न सक्ने गरी कानुनी व्यवस्था गरौं। उपप्रमुख तथा उपाध्यक्षको आवश्यकता पुनरावलोकन गरौं। जिल्ला समन्वय समिति खारेज गरौं। शासकीय स्वरूपका विषयमा हाल प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस आरम्भ भएको छ।

जेन-जी पुस्ताको आन्दोलनका क्रममा पनि प्रत्यक्ष कार्यकारीको विषय उठेको छ। यसलाई गम्भीरताका साथ लिई मुलुकको भौगोलिक अखण्डता तथा सार्वभौमसत्तामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी सरकारले स्थिरता पाई जनताको हितमा प्रभावकारी रूपमा काम गर्न सक्ने वातावरण बनाउन 'नेपाल सुहाउँदो' एक विशेष मोडेलमा हामीले छलफल गर्नुपर्छ।

साभार : कान्तिपुर।



अनुरोधकर्ता
महोत्तरी गाउँपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday